# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससि)को प्रमुख कार्यकारी अधिकृतको सिफारिश सम्बन्धी कार्यविधि,२०७६

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससि)को मिति २०७६।१०।१० गतेको संचालक समितिको ३५२औं बैठकको निर्णय बमोजिम प्रमुख कार्यकारी अधिकृत सिफारिस गर्ने प्रयोजनको लागि यो **सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससि) को प्रमुख कार्यकारी अधिकृतको सिफारिश सम्बन्धि कार्यविधि,२०७६** बनाइएको छ ।

**१. दरखास्त आह्वानः**

सिडिएससिमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदका लागि उपयुक्त उम्मेदवारको सिफारिश गर्ने प्रयोजनका लागि १५ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा एक पटक सूचना प्रकाशन गर्नुका साथै नेपाल स्टक एक्सचेन्ज लि.(नेप्से)तथा सिडिएससिको वेबसाईटमा अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशित गरिनेछ ।

**२. न्युनतम शैक्षिक योग्यता, अनुभव र उमेरः**

सिडिएससिको प्रमुख कार्यकारी अधिकृत पदको आवेदकको लागि देहाय अनुरुपको न्युनतम शैक्षिक योग्यता, अनुभव, उमेर तथा अन्य मापदण्ड पुरा गरेको हुनुपर्नेछ :

**२.१ न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम १८ बमोजिम अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानून बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजीबजार वा उद्योग वा वाणिज्य वा वित्त वा लेखा वा कानुन वा व्यवस्थापन क्षेत्रहरू मध्ये कुनै एक वा एकभन्दा बढी क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभव हासिल गरेको । साथै सूचना प्रविधिसम्बन्धी ज्ञान भएको उम्मेदवारलाई ग्राहयता दिइनेछ ।

**२.२ उमेरः**

आवेदनकर्ताको उमेर आवेदन गर्ने अन्तिम मितिसम्म ३५ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।

**३. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

सिडिएससिको प्रमुख कार्यकारी अधिकृत पदको आवेदकले अनुसूची-२ बमोजिमको दरखास्त फारम भरी देहाय बमोजिमको कागजात तथा विवरणहरु संलग्न राखी दरखास्त पेश गर्न पर्नेछ ।

३.१ शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना,ईमेल, टेलिफोन तथा मोबाइल नं, घर र कार्यालयको ठेगाना सहितको विस्तृत वैयक्तिक विवरण (Bio Data)को प्रत्येक पृष्ठको अन्तमा आवेदकले दस्तखत गरी पेश गर्नुपर्नेछ ।

३.२ नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुस्ट्याँई गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी दरखास्त साथ पेश गुर्नपर्नेछ ।

३.३ आवेदकले आफ्नो दरखास्त साथ ५०००(पाँच हजार) शब्दमा नबढने गरी नेपाली वा अंग्रजी भाषामा तयार गरिएको केन्द्रीय निक्षेप सेवाको विकास तथा सुधार सम्बन्धी व्यवसायिक कार्य योजना(Business Plan) विद्युतीय प्रति सहित ४(चार) प्रति पेश गर्नुपर्नेछ ।

३.४ हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो ।

३.५ अघिल्लो आर्थिक वर्ष सम्मको कर दाखिला गरेको प्रमाण ।

३.६ कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए त्यस्तो सूचीबाट हटेको प्रमाणित गर्ने कागजात

३.७ स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३.८ दरखास्त साथ निम्न लिखित व्यहोरा आवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।

(क) कुनै राजनीतिक दलको सदस्य नभएको,

(ख) सिडिएससि लगायत सार्वजनिक निकायको कुनै ठेक्का पट्टामा सम्झौता गरी वा नगरी काम गरि नरहेको,

(ग) नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त संस्था तथा सूचीकृत कम्पनीहरुमा आवद्धता भएको भए नियुक्ति पूर्व सो पद छोडने प्रतिबद्धता पत्र,

(घ) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

(च) नियतबस बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(छ) धितोपत्र सम्बन्धी प्रचलित कानून र अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३(संशोधन सहित) बमोजिम योग्य भएको

## ४. अन्य मापदण्डः

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम १९ तथा प्रचलित कानुन बमोजिम देहायको अयोग्यता भएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन सक्ने छैन :-

(क) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरिएको भए सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको

(ग) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(घ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्थाले साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(ङ) प्रचलित कानुन बमोजिम कर दाखिला नगरेको वा कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने कम्पनी वा संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(च) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको,

(छ) लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको वित्तीय विवरण सार्वजनिक नगर्ने सार्वजनिक निष्काशन गरेका संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(ज) ऐन बमोजिम सजाय भई संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुखको रूपमा कार्य गर्न नपाउने गरी बोर्डले सूचीकृत गरेको ।

(झ) कुनै कम्पनी वा संगठित संस्थामा कार्यकारी प्रमुखका रूपमा कार्यरत रहेको व्यक्तिले केन्द्रीय निक्षेप व्यवसायीको कार्यकारी प्रमुखको कार्य गर्न पाउने छैन ।

**५. प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको कार्य क्षेत्रगत शर्तहरुः**

प्रमुख कार्यकारी अधिकृतको अनुसूची-३ बमोजिम कार्यक्षेत्रगत शर्तहरु, धितोपत्र सम्बन्धी प्रचलित कानून, नेपाल सरकार तथा बोर्डबाट जारी निर्देशनहरु एवं अन्य विभिन्न नियमक निकायहरुबाट जारी हुने निर्देशन र संचालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**६. व्यवसायिक कार्य योजना(Business Plan)पेश गर्नुपर्नेः**

आवेदकले कार्य योजना तयार गर्दा देहायका विषयवस्तुहरु समावेश गरी तयार गर्नुपर्नेछ :

**६.१ धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवाको परिदृश्य**

- पूँजीबजार तथा केन्द्रिय निक्षेप सेवा सम्बन्धी अन्तराष्ट्रिय परिदृश्य तथा नेपालको अवस्थाको विश्लेषण,
- सिडिएससीको ऐतिहासिक पृष्ठभूमि, सिडिएससीको बिगत वर्षहरुको कार्यसम्पादन र वित्तीय विवरणहरुले देखाएको समग्र वित्तीय अवस्थाको विश्लेषण,
- केन्द्रीय निक्षेप सेवामा देखिएका सवल एवं दुर्वल पक्षहरु र सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान,
- केन्द्रीय निक्षेप सेवालाई स्वच्छ, प्रतिस्पर्धी र विस्वसनीय बनाई यसको क्षेत्र तथा दायरा फराकिलो पार्न अवलम्बन गर्नु पर्ने कानूनी, संस्थागत र संरचनागत सुधार,
- केन्द्रीय निक्षेप सेवालाई अन्तराष्ट्रिय स्तरको बनाउने ठोस योजना र कार्यक्रम,
- पूँजी बजार लगानी, लगानीकर्ता, व्यवसाय र व्यवसायीको जोखिमांकन, कारोबार शुल्क, राफसाफ तथा फछ्र्यौट्को विश्लेषण तथा सो मा सिडिएससीको भुमिका ।

**६.२ संस्थागत व्यवसायिक योजना**

- संस्थागत सुशासन, डिजिटलाइजेशन, आधुनिकीकरण, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि, मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र स्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गनुपर्ने विषयको पहिचान,
- सिडिएससिको रणनीतिक योजना एवं केन्द्रीय निक्षेप सेवामा गर्नुपर्ने समसामयिक सुधार गर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा समय सारिणी सहितको केन्द्रीय निक्षेप सेवाको विकास विस्तार तथा सुधार सम्बन्धी संस्थागत व्यवसायिक कार्य योजना (Business Plan)

७. तोकिएको शैक्षिक योग्यता र तोकिएको अनुभव, व्यवसायिक कार्य योजना र माग बमोजिमका अन्य विवरणहरु छानबिन तथा प्रमाणीकरण गरी प्रस्तुतिका लागि Short Listing गरिनेछ । छनौटमा परेका आवेदकहरुले तोकिएको मिति र समयमा कार्य योजनाको प्रस्तुतिकरण गर्नुपर्नेछ ।

८. प्रस्तुतिकरण तथा अन्तर्वार्तामा सहभागी हुने आवेदकले आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं आवेदनसाथ पेश गरेको अन्य कागजातहरुको सक्कल प्रति साथै लिई प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनुपर्नेछ ।

## ९. निवेदकको मूल्यांकन सम्बन्धी अंक भारः

आवेदकको मूल्यांकन सम्बन्धी अंकभार देहाय बमोजिम निर्धारण गरिनेछ ।

| क्र.स. | विवरण | अंकभार |
|---|---|---|
| १. | **संस्थागत व्यवसायिक कार्य योजना** | **कूल ४०** |
| | धितोपत्र बजारको समीक्षा तथा परिदृश्य | ८ |
| | केन्द्रीय निक्षेप सेवाको विकास तथा विस्तार | ८ |
| | केन्द्रीय निक्षेप सेवाको सवल र दुर्वल पक्ष | ८ |
| | कार्य योजनाको ढाँचा | ८ |
| | प्रक्षेपित अवस्थाको विश्लेषण | ८ |
| २. | **कार्य योजनाको प्रस्तुतिकरण** | **कूल २०** |
| | तर्क पूर्ण प्रस्तुति | ६ |
| | सिर्जनशीलता | ६ |
| | कार्य योजनाको स्पष्टता | ८ |
| ३. | **शैक्षिक योग्यता वापत** | **कूल १०** |
| | स्नातकोत्तर | ७ |
| | विद्यावारिधी | ३ |
| ४. | **अन्तर्वार्ता** | **कूल ३०** |
| | व्यक्तित्व | ५ |
| | आत्मविश्वास | ५ |
| | विषयवस्तुको ज्ञान र उद्धेश्यको स्पष्टता | १० |
| | तर्कपूर्ण प्रस्तुति एवं अभिव्यक्ति र समस्याहरुको तर्कपूर्ण संबोधन शैली | १० |
| | **जम्मा** | **१००** |

## १०. छनौटका आधार तथा प्रकृयाः

उम्मेदवार छनौटका लागि निम्न बमोजिमको प्रकृया अपनाइनेछ :

१०.१ उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको कार्य योजनाको मूल्यांकनमा उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्ये बढीमा ५(पाँच) जना उम्मेदवारलाई छनौट गरी कार्य योजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

१०.२ छनौट भएका उम्मेदवारहरु मध्ये शैक्षिक योग्यता, कार्ययोजनाको मूल्यांकन, सोको प्रस्तुतिकरण तथा अन्तर्वार्ता समेतमा प्राप्त कूल अंकको आधारमा उच्चतम अंक प्राप्त गर्ने ३(तीन) जना उम्मेदवारको नाम वर्णानुक्रमानुसार समितिले सिफारिश गरिनेछ ।

१०.३ पाँचवटा भन्दा कम आवेदन परेमा उक्त आवेदनलाई कायमै राखी म्याद सकिएको ३(तीन) कार्य दिनभित्र थप सात दिनको म्याद दिई सिडिएसि र नेप्सेको वेबसाइटमा अनुसूची-१ को ढाँचाको सूचना प्रकाशित गरिनेछ । थप भएको म्यादभित्र समेत पाँचवटा भन्दा बढी आवेदन प्राप्त नभएमा जति आवेदन प्राप्त भएको छ सोही बमोजिम नै प्रकृया अगाडि बढाइनेछ ।

## ११. कार्य योजना प्रस्तुतिकरण एवं अन्तर्वार्ता परीक्षण सम्बन्धी अन्य व्यवस्था :

११.१ कार्य योजनाको परीक्षण तीन जना विज्ञहरुबाट गराईनेछ । सोका लागि आर्थिक, धितोपत्र बजार तथा सूचना प्रविधिसँग सम्बन्धित विज्ञहरुको छनौट गरिनेछ । परीक्षण गर्दा कार्य योजनाको कोडिङ्ग गरी परीक्षण पश्चात डिकोडिङ्ग गरिनेछ ।

११.२ उपदफा ९.१ बमोजिम विज्ञहरुको परीक्षणबाट प्राप्त अंकको आधारमा औसत अंक निकाली त्यसलाई कार्य योजना वापतको प्राप्तांकको रुपमा गणना गरिनेछ ।

११.३ उपदफा ९.२ बमोजिम कार्ययोजना वापतको प्राप्तांकमा आवेदकले प्राप्त गरेको प्रस्तुतिकरणको अंक अनुसूची-४ को ढाँचामा गणना गरिनेछ ।

११.४ उपदफा ९.४ बमोजिम अन्तर्वार्ता वापतको प्राप्तांक अनुसूची-५ को ढाँचामा गणना गरिनेछ । अन्तर्वार्ता प्रयोजनका लागि समितिले आवश्यकता अनुसार बढिमा दुई जना विज्ञ मनोनयन गर्न सक्नेछ ।

११.५ कार्य योजनाको मूल्यांकन प्रकृयामा गोपनीयता कायम हुने गरी विज्ञको सहयोग लिइनेछ ।

*

**अनुसूची-१**

## सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

पुतलीसडक, काठमाडौं ।

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससि)को प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी सूचना ।**

*(प्रकाशित मिति..............)*

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससि)**मा रिक्त **प्रमुख कार्यकारी अधिकृत पदमा** धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम खुल्ला प्रतियोगिताबाट छनौट गरी पुर्ति गर्नु पर्ने भएकोले देहायका न्यूनतम शैक्षिक योग्यता र अनुभव हासिल गरेका इच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सिडिएससिको कार्यालय, पुतलीसडक, काठमाडौंमा रितपुर्वक दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१.पद**:प्रमुख कार्यकारी अधिकृत

**२. आवश्यक न्युनतम शैक्षिक योग्यता, अनुभव, उमेर तथा अन्य मापदण्डः**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा उल्लेखित व्यवस्था समेतका आधारमा सिडिएससिको प्रमुख कार्यकारी अधिकृत पदको नियुक्त गर्नका लागि देहायका शैक्षिक योग्यता, अनुभव, उमेर तथा अन्य मापदण्ड पुगेका इच्छुक योग्य नेपाली नागरिकले आवेदन दिन सक्नेछन् ।

**२.१ न्यूनतम् शैक्षिक योग्यता अनुभवः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानुन बिषयमा कम्तिमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधि हासिल गरी पूँजी बजार वा उद्योग वा वाणिज्य वा वित्त वा लेखा वा कानून वा व्यवस्थापन क्षेत्रहरूमध्ये कुनै एक वा एकभन्दा बढी क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभव हासिल गरेको । साथै सूचना प्रविधिसम्बन्धी ज्ञान भएको उम्मेदवारलाई ग्राहयता दिइनेछ ।

**२.२ उमेरः** आवेदनकर्ताको उमेर आवेदन गर्ने मितिसम्म ३५ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।

**२.३ अन्य मापदण्डः**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम १९ तथा प्रचलित कानून बमोजिम देहायको अयोग्यता भएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन सक्ने छैन :-

(क) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरिएको भए सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

ग) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए सजाय भुक्तान भएको मितिले पाँच बर्ष पूरा नभएको,

(घ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्थाले साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(ङ) प्रचलित कानुन बमोजिम कर दाखिला नगरेको वा कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश नगर्ने कम्पनी वा संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(च) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको,

(छ) लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको वित्तीय विवरण सार्वजनिक नगर्ने सार्वजनिक निष्काशन गरेका संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख रहेको,

(झ) कुनै कम्पनी वा संगठित संस्थामा कार्यकारी प्रमुखका रूपमा कार्यरत रहेको व्यक्तिले केन्द्रीय निक्षेप व्यवसायीको कार्यकारी प्रमुखको कार्य गर्न पाउने छैन ।

**३.पदावधि :** प्रमुख कार्यकारी अधिकृतको पदावधि ४ (चार) वर्षको हुनेछ ।

**४.पारिश्रमिक र सुविधा**

प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधा केन्द्रिय निक्षेप सेवा नियमावली,२०६७ र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससी) को संचालक समितिले तोके बमोजिम हुनेछ ।

**५.दरखास्त फारम**

दरखास्त फारम सिडिएससीको वेवसाईट www.cdsc.com.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । उक्त दरखास्त फारम रितपुर्वक भरी तोकिएका कागजात संलग्न गर्नु पर्नेछ ।

**६. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

सिडिएससिको प्रमुख कार्यकारी अधिकृत पदको आवेदकले दरखास्त पेश गर्दा देहाय बमोजिमको कागजात तथा विवरण र स्वयं उदघोषण पेश गर्नुपर्नेछ :

६.१ शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना, ईमेल, टेलिफोन तथा मोबाइल नं, घर र कार्यरत कार्यालयको नाम,ठेगाना तथा पद सहितको विस्तृत वैयक्तिक विवरण (Bio Data) तयार गरी उक्त विवरणको प्रत्येक पानाको अन्तमा आवेदकले दस्तखत गरी पेश गर्नुपर्नेछ ।

६.२ नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुस्ट्याँई गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी दरखास्तसाथ पेश गुर्नपर्नेछ ।

६.३ आवेदकले आफ्नो दरखास्त साथ ५०००(पाँच हजार) शब्दमा नबढने गरी नेपाली वा अंग्रेजी भाषामा तयार गरिएको केन्द्रीय निक्षेप सेवाको विकास तथा सुधार सम्बन्धी संस्थागत व्यवसायिक कार्य योजना (Business Plan) विद्युतीय प्रति सहित अंग्रेजी वा नेपाली भाषामा ४(चार) प्रति पेश गर्नुपर्नेछ ।

६.४ हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो ।

६.५ अघिल्लो आर्थिक वर्ष सम्मको कर दाखिला गरेको प्रमाण ।

६.६ कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए त्यस्तो सूचीबाट हटेको प्रमाणित गर्ने कागजात ।

६.७ स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६.८ दरखास्त साथ निम्न लिखित व्यहोरा आवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।

(क) कुनै राजनीतिक दलको सदस्य नभएको,

(ख) सिडिएससि लगायत सार्वजनिक निकायको कुनै ठेक्का पट्टामा सम्झौता गरी वा नगरी काम गरिरहेको,

(ग) नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त संस्था तथा सूचीकृत कम्पनीहरुमा आवद्धता भएको भए नियुक्ति पूर्व सो पद छोडने प्रतिबद्धता पत्र,

(घ) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाँय नपाएको एवं दामासाहीमा नपरेको,

(च) धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम योग्य भएको ।

**७. प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको कार्य क्षेत्रगत शर्त**

प्रमुख कार्यकारी अधिकृतको कार्य क्षेत्रगत शर्तहरु, धितोपत्र सम्बन्धी ऐन, नेपाल सरकार र बोर्डबाट जारी निर्देशनहरु, एवं अन्य निर्देशन र सिडिएससी संचालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

## ८. व्यवसायिक कार्य योजना (Business Plan)पेश गर्नुपर्ने

आवेदकले व्यवसायिक कार्य योजना(Business Plan)तयार गर्दा देहायका विषयवस्तुहरु समावेश गरी तयार गर्नुपर्नेछ :

### ८.१ धितोपत्र बजार तथा केन्द्रिय निक्षेप सेवाको परिदृश्य

पूँजीबजार तथा केन्द्रिय निक्षेप सेवा सम्बन्धी अन्तराष्ट्रिय परिदृश्य तथा नेपालको अवस्थाको विश्लेषण; सिडिएससीको ऐतिहासिक पृष्ठभूमि, सिडिएससीको बिगत वर्षहरुको कार्यसम्पादन र वित्तीय विवरणहरुले देखाएको समग्र वित्तीय अवस्थाको विश्लेषण; केन्द्रीय निक्षेप सेवामा देखिएका सवल एवं दुर्वल पक्षहरु र सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान; केन्द्रीय निक्षेप सेवालाई स्वच्छ, प्रतिस्पर्धी र विस्वसनीय बनाई यसको क्षेत्र तथा दायरा फराकिलो पार्न अवलम्बन गर्नु पर्ने कानूनी, संस्थागत र संरचनागत सुधार; केन्द्रीय निक्षेप सेवालाई अन्तराष्ट्रिय स्तरको बनाउने ठोस योजना र कार्यक्रम; पूँजी बजार लगानी, लगानीकर्ता, व्यवसाय र व्यवसायीको जोखिमांकन, कारोबार शुल्क, राफसाफ तथा फछर्यौट्को विश्लेषण तथा सोमा सिडिएससीको भुमिका ।

### ८.२ संस्थागत व्यवसायिक योजना

संस्थागत सुशासन, डिजिटलाइजेशन, आधुनिकीकरण, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि, मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र स्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गनुपर्ने विषयको पहिचान; सिडिएससिको रणनीतिक योजना एवं केन्द्रीय निक्षेप सेवामा गर्नुपर्ने समसामयिक सुधार गर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा समयसारिणी सहितको केन्द्रीय निक्षेप सेवाको विकास विस्तार तथा सुधार सम्बन्धी संस्थागत व्यवसायिक कार्य योजना (Business Plan)

**९.अन्य:**

सिडिएसी एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससि)को प्रमुख कार्यकारी अधिकृतको सिफारिश सम्बन्धी कार्यविधि, २०७६ नेपाल स्टक एक्सचेञ्ज लि.र सिडिएस एण्ड क्लियरिङ्ग लि.को वेभसाइटमा प्रकाशित गरिएको व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

अनुसूची-२

## सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

पुतलीसडक, काठमाडौं ।

पासपोर्ट साइजको मुखाकृति पुरै देखिने तस्वीर यहा टाँस्ने र तस्वीर र फाराममा पर्ने गरी उम्मेदवारले सही गर्ने ।

**प्रमुख कार्यकारी अधिकृत पदको लागि दरखास्त फारामको ढाँचा**

(कार्यालय प्रयोजनका लागि)

| दरखास्त दर्ता नं. | दर्ता मितिः | दर्ता गर्नेको सहीः |
|---|---|---|
| | | |

**(क) उम्मेदवारको वैयक्तिक विवरण स्पष्ट बुझिने अक्षरमा लेख्नुहोस् ।**

| | |
|---|---|
| १. उम्मेदवारको पूरा नाम, थर : | देवनागरीमा : |
| | अंग्रेजी ठूलो अक्षरमाः |
| २. जन्म मितिः | २० साल महिना गते<br>ईश्वी सन्माः वर्ष महिना तारिख<br>हालको उमेरः वर्ष महिना दिन |
| | नागरिकता नं. जारी गर्ने जिल्लाः<br>जारी मितिः प्यान नं.: |
| | लिङ्गः धर्मः हुलियाः |
| ३. ठेगाना : (क) स्थायी | १. जिल्लाः २. न.पा.। गा.वि.स.<br>३. वडा नं. |
| | ४. टोलः ५. घर नं. र मार्गः ६.हुलाकः<br>७. सम्पर्क नं. ८. इमेलः |
| (ख) अस्थायी : | १. जिल्लाः २. न.पा.। गा.वि.स. ३. वडा नं. |
| | ४. टोलः ५. घर नं. र मार्गः ६.हुलाकः<br>७. सम्पर्क नं. ८. इमेलः |

| | | |
|---|---|---|
| ४. पत्राचार गर्ने ठेगाना : | | |
| ५. उम्मेदवारको | १. बाबुको नाम, थरः | २. नागरिकताः |
| | ३. आमाको नाम, थरः | ४. नागरिकताः |
| | ५. बाजेको नाम, थरः | ६. नागरिकताः |
| ६. विवाहित उमेद्वारको निमित्त | १. पति / पत्नीको पूरा नामथरः | नागरिकताः |
| | २. स्थायी ठेगाना : | |
| | ३. पेशाः | |

**(ख) शैक्षिक योग्यता सम्बन्धी विवरण : (तल उल्लेखित प्रमाणपत्रहरु कम संख्या अनुसार संलग्न गर्नु पर्नेछ )**

| **क.सं.** | **अध्ययन गरेको संस्थाको नाम** | **उत्तीर्ण गरेको परीक्षा** | **परीक्षा उर्त्तीण गरेको वर्ष** | **श्रेणी** | **परीक्षा लिने संस्था** | **कूल प्राप्ताङ्क तथा प्रतिशत** | | **मुख्य विषयहरु** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **प्राप्तांक** | **प्रतिशत** | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

**ग) विशेष योग्यता वा तालिमको विवरण : (तल उल्लेखित प्रमाणपत्रहरु क्रम संख्याअनुसार संलग्न गर्नु पर्नेछ ।)**

| क्र.सं. | प्रमाणपत्रको नाम | संस्थाको नाम, ठेगाना | प्राप्त गरेको साल | तालिमको अवधि | विषय |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**(घ) अनुभव सम्बन्धी विवरणः**

........................................को छोरा । छोरी .......................................बस्ने श्री ...................................ले निम्न बमोजिमको पदमा रही निम्न बमोजिमको अवधिसम्म काम गरेको प्रमाणित गर्दछु ।

| कार्यालय | पद | श्रेणी वा तह | स्थायी । अस्थायी वा करार | कुन मिति देखि | कुन मिति सम्म |
|---|---|---|---|---|---|
| | | | | | |

उपयुक्त विवरण ठीक छ भनि प्रमाणित गर्ने कार्यालय प्रमुखको

नामः दर्जाः मितिः

दस्तखत : कार्यालयको छापः

**उम्मेदवारको**:

दस्तखतः मितिः

मैले यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन् । प्रचलित कानून बमोजिम भविष्यमा नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त भएको छैन र मेरो नियुक्तिको सम्बन्धमा असर पर्न सक्ने कुनै कुरा लुकाएको छैन । उम्मेदवारलाई दिएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरु पालना गर्न मञ्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहि छाप | |
|---|---|
| दा. | वा. |

उम्मेदवारको पुरा नाम, थर : दस्तखतः

मितिः

**द्रष्टव्य :** (क) दरखास्त साथ नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यता, तालिम तथा कार्य अनुभवको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(ख) प्रस्तुतिकरणका लागि तोकिएको दिनमा केन्द्रीय निक्षेप सेवाको विकास तथा सुधार सम्बन्धी व्यवसायिक कार्य योजना (Business Plan) एक प्रति लिई आउनु पर्नेछ ।

**अनुसूची-३**

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
पुतलीसडक, काठमाडौं ।
**प्रमुख कार्यकारी अधिकृत पदको कार्य विवरण (TOR)**

प्रमुख कार्यकारी अधिकृतबाट सिडिएस एण्ड क्लियरिङ्ग लि.सञ्चालक समिति र व्यवस्थापन बीचमा रहेर सिडिएस एण्ड क्लियरिङ्ग लि.ले गर्ने सम्पूर्ण काम कारवाहीको जिम्मेवारी वहन गर्नु पर्नेछ । सिडिएस एण्ड क्लियरिङ्ग लि. व्यवस्थापन समूहको संयोजकका हैसियतले सिडिएसीको लक्ष्य तथा उद्देश्यअनुरुप रणनीति तथा कार्यनीतिको तर्जुमा त्यस अन्तर्गत बन्ने वार्षिक बजेट, कार्यक्रम तथा योजनाको तर्जुमा र तिनको कार्यान्वयनका लागि आवश्यक वित्तीय, भौतिक, प्राविधिक तथा मानवीय पूर्वाधारको सुनिश्चितता प्रमुख कार्यकारी अधिकृतबाट हुनेछ । सिडिएसलाई पारदर्शी, विश्वसनीय तथा प्रतिस्पर्धी संस्थाका रुपमा विकसीत गर्न आवश्यक कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने/गराउने कर्तव्य प्रमुख कार्यकारी अधिकृतको हुनेछ । संगठनको कार्यकारी प्रमुखका हैसियतले नेपाल सरकार, नियामक निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग कार्यशील सम्बन्ध कायम राख्ने दायित्व पनि प्रमुख कार्यकारी अधिकृतको हुनेछ । यस अतिरिक्त निम्नानुसारका कार्य सम्पादन प्रमुख कार्यकारी अधिकृतबाट गर्नु पर्नेछ ।

- नेपाल सरकार तथा नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज लि.लाई सिडिएससिको कारोबार सम्बन्धमा आवश्यकता अनुसार राय, सुझाव उपलव्ध गराउने ।
- धितोपत्रहरुको अभौतिकीकरणका लागि प्राप्त आवेदनहरु प्रशोधन गर्ने एवं अभौतिकीकरणका लागि प्रोत्साहन संग सम्बन्धित कार्य गर्ने ।
- अभौतिकीकरण सरल तथा सहज ढङ्गबाट गराउने र निक्षेप सदस्य, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि मार्फत लगानीकर्ताहरुको धितोपत्र कारोबारको खातापाता अध्यावधिक गर्न लगाई दर्ता गरिएका कम्पनीहरुको शेयरहोल्डर विवरण अद्यावधिक गर्न आवश्यक पहल गर्ने ।
- अभौतिकृत धितोपत्रहरुको करोबारमा बिक्रीकर्ताहरुलाई यथाशक्य चाँडो रकम भुक्तानीको व्यवस्था गर्ने/गराउने र खरिदकर्ताहरुलाई अभौतिकृत रुपमा शिघ्र धितोपत्र उपलव्ध गराउने व्यवस्था मिलाउने ।
- सिडिएससी सञ्चालनका लागि आवश्यक विनियम,कार्यविधि तर्जुमा गर्ने गराउने र तोकिए अनुसार कार्यान्वयनमा ल्याउने ।
- सिडिएस एण्ड क्लियरिङ्ग लि.को भौतिक सम्पत्ति संरक्षण तथा सदुपयोग गर्ने/गराउने ।
- कार्यालयका लागि आवश्यक साधन स्रोत, स्थिर एवं चालु सम्पत्तिहरुको व्यवस्था गरी उचित प्रयोगको व्यवस्था मिलाउने ।
- सिडिएस एण्ड क्लियरिङ्ग लि.को कार्य संचालनसंग सम्वन्धित विनियमावलीहरुमा तोकिएका अन्य कार्यहरु गर्ने
- नेपाल धितोपत्र बोर्डमा दर्ता भई नेप्सेमा सूचिकृत धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य गर्ने/गराउने ।
- सर्वसाधारण लगानीकर्ताहरुको हित संरक्षणका साथै विश्वास जगेर्ना गर्न आवश्यक कार्य गर्ने/ गराउने ।
- सिडिएस एण्ड क्लियरिङ्ग लि.का सदस्यहरुको सदस्यता स्थगन, खारेजी, कारोबार स्थगन जस्ता कार्यहरुका लागि प्रक्रिया अगाडि बढाउने ।

- नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज तथा सिडिएससि संचालक समितिले समय-समयमा दिएका निर्देशनहरु कार्यान्वयन गर्ने/गराउने ।
- नेपाल सरकारलाई धितोपत्रको अभौतीकीकरण, राफसाफ तथा फर्छ्यौट सम्वन्धी राय सुझाव उपलब्ध गराउने ।
- सिडिएससीको आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी सेवा शर्त सम्वन्धी विनियमावली कारोबार तथा सुचिकरण विनियमावलीमा तोकिएका अन्य कार्यहरु गर्ने ।
- सर्वसाधारण लगानीकर्ताहरुको हित संरक्षण साथै विश्वास जगेर्ना गर्न आवश्यक कार्य गर्ने/गराउने ।
- पूँजीबजारको विकासका लागि आवश्यक श्रोत र साधनको व्यवस्था एवं विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग पत्राचार, सम्वन्ध स्थापित, आवश्यक सहमती तथा सम्झौताहरु गर्ने
- Dispute Settlement गर्ने/गराउने ।
- कर्मचारीहरुको बृत्ति विकास तथा क्षमता विकासमा लागि आवश्यक कार्य गराउने ।
- कार्यालय अनुशासन कायम गर्ने, पुरस्कार तथा दण्ड सजायको उचित व्यवस्था गर्ने ।
- संचालक समितिले समय समयमा दिएका निर्देशनहरु कार्यान्वयन गर्ने/गराउने ।

**अनुसूची-४**

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
पुतलीसडक, काठमाडौं ।

**प्रमुख कार्यकारी अधिकृत पदको लागि** **पूर्णाङ्क:२०**

**कार्ययोजना प्रस्तुतिको मूल्यांकन फारामको ढाँचा**

| सि. नं | उम्मेदवारको नाम थर | अंक भार | | | कूल अंक | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | तर्कपूर्ण प्रस्तुति ६ अंक | सिर्जनसिलता ६ अंक | कार्ययोजनको स्पष्टता ८ अंक | अंकमा | अक्षरमा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसुची-५** **पूर्णाङ्क:३०**

## प्रमुख कार्यकारी अधिकृत पदको लागि अन्तर्वार्ता फारामको ढाँचा

| सि. नं | उमेदवारको नाम थर | अंक भार | | | | | कूल अंक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यक्तित्व ५ अंक | आत्मबिश्वास ५ अंक | बिषयबस्तुको ज्ञान र उद्देश्यको स्पष्टता १० अंक | | तर्कपूर्ण प्रस्तुति एवं अभिव्यक्ति र समस्याहरुको तर्कपूर्ण संबोधन शैली १० अंक | अंकमा | अक्षरमा | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मूल्यांकनकर्ताको नाम :
दस्तखत :
अन्तर्वाता मितिः

***दृष्टव्य*** *: (क) उमेदवारको कूल प्राप्तांकमा ७० प्रतिशतभन्दा माथि र ३० प्रतिशतभन्दा तल अंक दिनुपरेमा कारण खुलाउनु पर्नेछ ।*

*(ख) माथि उल्लिखित कुनै पनि उम्मेद्वार मेरो पती, पत्नी तथा छोरा छोरी दाजु भाई दिदी बहिनी, भाउजु बुहारी, जेठाज्यू, देवर, जेठानी, देउरानी, आमाज्यू, नन्द, काका, काकी,ठूलो बुवा, ठूली आमा, सानाबा, सानीआमा,भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, भिनाजु, ज्वाँई, मामा, माइजु, फुपु, फुपाज्यू, साला, साली र तीनका छोराछोरी नाता पर्दैन ।*